प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ का लागि संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत साविकमा कार्यान्वयन भइरहेका सडक निर्माण तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिने गरी तपशील बमोजिमका योजनाहरू सिफारिस गरी बजेट रकम माग गर्ने निर्णय गरियो ।

तपशील:

१. संघीय समपूरक तर्फ:

| क्र.सं. | योजनाको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. २ को विश्वास चौकदेखि प्रहरी चौकी, सातपत्रे, रामपुर बजार हुँदै नगरपालिकाको कार्यालय जाने सडक स्तरोन्नति | बेलका न.पा. २,३ र ९ | |
| २. | जनता आ.वि. आराङ्ग हुदै वडा नं. ७ को वडा कार्यालय जाने सडक स्तरोन्नति, | बेलका न.पा. -८ | |

२. संघीय विशेष तर्फ:

| क्र.सं. | योजनाको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १. | रामपुर खानेपानी आयोजना निर्माण | बेलका न.पा. ९ | |

साथै आयोजना कार्यान्वयनमा नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने लागत साझेदारी नियमानुसार व्यहोर्ने प्रतिवद्धता समेत व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा बेलका नगरपालिका वडा नं. १ स्थित तपेश्वरी स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नति गर्नका लागि भवन तथा स्वास्थ्य सेवा विस्तार गर्ने गरी लागत अनुमान तयार गरी आवश्यक बजेटको व्यवस्थापन गरिदिन भनी कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय समक्ष माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० विविध (क) माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण, सामुदायिक ग्रामिण विद्युतीकरण विभागको च.नं. १७४, मिति २०८१/०८/२७ को पत्रानुसार यस नगरपालिका अन्तर्गतका क्षेत्रमा विद्युतीकरण गर्नका लागि विभाग र ठेकेदार कम्पनी श्री सूनित एन्ड कबिता कन्ट्रक्सन प्रा.लि., भिमेश्वर -३, दोलखाबिच सम्झौता भई १८ महिनाभित्र कार्यसम्पन्न गर्नु पर्नेमा हालसम्म कम्पनीमा कार्यप्रगति पेश नगरेको र पटक पटक ताकेता गर्दा समेत आफ्नो न्यूनतम दायित्व समेत पालना नगरेकाले सो प्रक्रिया के कसरी अगाडि बढाउने सम्बन्धमा राय सुझाव माग भई आएकोमा नियमानुसार ठेकेदार कम्पनीलाई कारबाही गरी यथाशीघ्र आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउन राय सुझाव पेश गर्ने निर्णय गरियो ।

विविध (ख) माथि छलफल गर्दा नेपालका वैज्ञानिक महाविर पुनको आत्मकथामा आधारित पुस्तक नगरपालिकाबाट रु ५०,०००।– बराबरको खरिद गरी आवश्यकता अनुसार वितरण गर्ने निर्णय गरियो ।

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर

अशोक कार्की
नगर प्रमुख